# दुधौली नगरपालिकाका उप प्रमुख श्री चन्द्रकिशोर थारुले दुधौली नगरपालिकाको नगरसभाको पन्ध्रौं अधिवेशनमा पेश गरेको

## आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट

सभाध्यक्ष महोदय,

नेपालको संविधान, २०७२ ले व्यवस्था गरेको तीन तहको सरकार कार्यान्वयनको क्रममा स्थानीय सरकार दुधौली नगरपालिका गठन भई समुन्नति र विकास तर्फ अगाडि वढिरहेकै समयमा विगत तीन वर्ष देखि कोभिड १९ (कोरोना भाइरस) का विभिन्न भेरिएन्टको माहामारीले केही गतिरोध सिर्जना गरेको भए पनि यस चुनौतिपूर्ण र असहज अवस्थालाई पार गर्दै हालै नव निर्वाचित हामी पदाधिकारीहरु आफ्नो प्रथम वर्षको अर्थात आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्वित भएका छौं ।

कोभिड १९ को पूर्णत अन्त्य भई नसकेको यस संकटपूर्ण घडीमा स्थानीय सरकारले नगरवासीको जीवन रक्षालाई प्राथमिकता दिंदै र स्वास्थ्य सजगता अपनाउदै आगामी आर्थिक गतिविधिहरुलाई हामी सवै मिलेर अघी वढाउन सवैको सकृय सहभागिता आजको प्रमुख आवस्यकता रहेको छ ।

सर्वप्रथम मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ति र समुन्नतिका लागि दश वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, मधेस आन्दोलन लगायत विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रदान्जली अर्पण गर्दै मुलुकको लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नुहुने हाम्रा वीर पुर्खा तथा अग्रजहरुप्रति उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च सम्मानका साथ स्मरण गर्न चाहान्छु ।

नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, शान्ति र सुशासन, संघीय र प्रदेश सरकारको वार्षिक नीति तथा योजना र कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, दिगो विकासको लक्ष्य, पन्ध्रौं आवधिक योजना, स्थिरता, उत्पादनशीलता, रोजगारी वृद्धि, समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धिको राष्ट्रिय लक्ष्यलाई नीति तथा बजेट र कार्यक्रम तयार गर्ने क्रममा हामीले मार्गदर्शनको रुपमा लिएका छौं । हाम्रो ५ वर्षे कार्यकालमा हामीले तय गरेका "प्राकृतिक सम्पदा, कृषि, पर्यटन र यातायात पूर्वाधार, समुन्नत दुधौली विकासको आधार" भन्ने मूल नारालाई चरितार्थ गर्न हामी सवै नगरवासी सँग हातेमालो गर्दै अघि वढ्ने कुरामा बचनबद्ध छौं ।

सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेटका प्रमुख उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु ।

- गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी र विद्युतमा सबै नगरवासीको सहज पहुँच पुऱ्याउने
- सबै घर र वस्ती जोड्ने ग्रामीण तथा कृषि सडक एवं पुल पुलेसा र सिंचाईको प्रबन्ध गर्ने ।
- सुकुम्बासीलाई घडेरी तथा जग्गा धनी प्रमाणपूर्जा वितरण र अव्यवस्थित जग्गा र वसोवासीको समुचित प्रवन्ध गरी सार्वजनिक र ऐलानी जग्गाको संरक्षण गर्ने ।

- सांस्कृतिक सम्पदा, पार्क, हरियाली क्षेत्र, मठ मन्दिरको संरक्षण र विकास गरी पर्यटन उद्योगलाई सुदृढ गर्ने ।
- कृषक सुचीकरण कार्यलाई निरन्तरता दिदै कृषि र पशुपंक्षी विकासको क्षेत्रमा आधुनिकीकरण, व्यवस्थितीकरण, विविधीकरण र व्यवसायीकरण गरी उपभोक्ता हितको संरक्षण गर्ने ।
- सामाजिक सुरक्षा र समावेशी विकास, लैङ्गिक हिंसा रोकथाम, महिला सशक्तीकरण, वातावरण विपद र फोहोर मैला व्यवस्थापन एवं सूचना प्रविधिको विकास गर्ने ।
- सहकारिताको विकास एवं साझेदारीमा युवा स्वरोजगार एवं खेलकुदको विकास गर्ने ।

सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटको संक्षिप्त समीक्षा प्रस्तुत गर्दछु ।

चालू आर्थिक वर्ष ०७८।०७९ मा रु १ अरब ८ करोड छयालीस लाख ८ हजार ५ सय ३२ रुपैंया ९८ पैसा मात्र बिनियोजन भएकोमा हाल सम्म चालू तर्फ ८१.१३ प्रतिशत, पुँजीगत तर्फ ६५.६४ प्रतिशत तथा कूल बजेटमा ७५.२१ प्रतिशत प्रगति भएको छ । कूल विनियोजन मध्ये आर्थिक विकास तर्फ रु ९,९४,९९,०५६.९८ (नौ करोड चौरानब्बे लाख उनान्सय हजार छपन्न रुपैंया अन्ठानब्बे पैसा) विनियोजन भएकोमा हाल सम्म ५,८३,९९,४९८ (पाँच करोड त्रियासी लाख उनान्सय हजार चार सय अन्ठानब्बे रुपैंया) अर्थात ५८.६९ प्रतिशत प्रगति भएको छ । यसैगरी सामाजिक विकास तर्फ रु ५४,५०,४३,५९७। (चौवन्न करोड पचास लाख त्रिचालीस हजार पाँच सय सन्तानब्बे रुपैंया) विनियोजन भएकोमा हाल सम्म ४४,३६,६०,०८१।०४ (चौवालिस करोड छत्तीस लाख साठी हजार एकासी रुपैंया चार पैसा) अर्थात ८१.४० प्रतिशत प्रगति भएको छ । पूर्वाधार विकास तर्फ रु २५,९४,०८,३४०। (पच्चिस करोड चौरानब्बे लाख आठ हजार तीन सय चालीस रुपैंया) विनियोजन भएकोमा हाल सम्म १७,२०,९२,९०८। (सत्र करोड बीस लाख बयानब्बे हजार नौ सय आठ रुपैया) अर्थात ६६.५४ प्रतिशत प्रगति भएको छ । सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु १,६४,४९,०००। (एक करोड चौसाठी लाख उन्चास हजार रुपैंया) विनियोजन भएकोमा हाल सम्म १,२०,३३,२२६। (एक करोड बीस लाख तेत्तीस हजार दुई सय छब्बीस रुपैंया) अर्थात ७३.१५ प्रतिशत प्रगति भएको छ । कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु १६,४२,०८,५३९।(सोह्र करोड बयालीस लाख आठ हजार पाँच सय उनन्चालीस रुपैंया) बिनियोजन भएकोमा हाल सम्म १२,९६,०२,०५९।९५ (बाह्र करोड छयानब्बे लाख दुई हजार उनन्साठी रुपैंया पन्चानव्बे पैसा)अर्थात ७८.९३ प्रतिशत प्रगति भएको छ । समग्रमा कुल आर्थिक प्रगति ७५.२१ प्रतिशत भएको अवस्थामा सोही बमोजिम भौतिक उपलव्धी समेत हासिल गरिएको छ ।

सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दछु ।

## सर्ब प्रथम आर्थिक विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु

१. कृषकहरुलाई आइपर्ने विभिन्न कृषि तथा पशु सम्बन्धी समस्याहरुलाई निराकरण गरी कृषि कार्यबाट उच्चतम प्रतिफल हासिल गर्न सहयोग पुगोस् भन्ने हेतुले पालिकामा एक कृषि स्नातक प्राविधिक र पशु सेवाका लागि पनि एक पशु स्नातक प्राविधिक राख्ने व्यवस्था गरिएको छ साथै कृषक परामर्शका लागि पायक पर्ने स्थानमा कृषि तथा पशु सेवा प्राविधिकको व्यवस्था गरिने छ ।

२. सार्वजनिक नीजि साझेदारी कार्यक्रमबाट कृषि र पशु सेवामा टेवा पुग्ने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

३. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताको लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, वीउ, किटनाशक औषधीको उपलव्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र वजार व्यवस्थामा सहजीकरण गर्न आवश्यक वजेट व्यवस्था गरिने छ ।

४. कृषि तथा पशुपालनको नीतिगत तथा कार्यक्रमगत रुपमा व्यवस्थापन गर्दै “एक वडा एक उत्पादन कार्यक्रम” संचालन गरिने छ । पकेट क्षेत्रको रुपमा पशुपालन, अदुवा, अलैची, अमृसो, चिया, किवी, जुनार र वेसार लगायत जडिवुटी खेतीको लागि वडा नं १२, १३ र १४; फलफूल तथा माछापालन वडा नं ३, ६, ११; खाद्यान्न बाली, माछापालन तथा तरकारी खेती वडा नं १, २, ४, ५, ९ र १० तथा बाख्रापालन र तरकारी खेती वडा नं ७ र ८ मा विकास गरिने छ । साथै पशुपालन व्यवसायलाई जोखिम कम गर्न पशु विमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५. दुधौली नगरपालिका दुग्धजन्य पदार्थमा आत्मनिर्भर भएको छ भने आगामी वर्षहरुमा क्रमस माछामासु, तरकारी तथा फलफुल उत्पादनमा समेत आत्मनिर्भर हुदै जाने गरी उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिने छ ।

६. स्थानीय कृषि सहकारीसँग समन्वय गरी नगरपालिकाका कृषकलाई सहुलियत दरको मल, बीउ सहजरुपमा उपलव्ध गराउन नगरपालिकाको पायक पर्ने स्थानमा मल, बीउ बिक्री केन्द्र स्थापना तथा संचालन गरिने छ ।

७. नगरपालिकामा भएका खेतीयोग्य जमिनहरुको माटो परीक्षण गर्न माटो परीक्षण ल्याव र पशुपंक्षीहरुमा देखिने विभिन्न रोगहरुको पहिचान गरी रोग नियन्त्रण गर्न नगरपालिकामा पशु ल्यावको स्थापना गरी सेवा संचालन गरिने छ ।

८. वडा नं ७ को पोखरेमा शीत भण्डार (Cold Storage) भवन र कृषि सामाग्री संकलन केन्द्र निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवस्यक बजेटको व्यवस्था गरिने छ ।

९. नगरकार्यपालिकाको आर्थिक विकास समिति मार्फत नगरपालिकाको वडा नं २ भलुवाहीमा रहेको सामुहिक चक्लाबन्दी खेती, दनुवार जातिको फार्मस्टे र सामुहिक गाईपालन एवं माछापालन लगायतका विविध परियोजनाको अध्ययन र विश्लेषण गरी सो आधारमा परियोजना व्यवस्थापन गर्दै लगिने छ ।

१०. नीजि तथा सार्बजनिक साझेदारी मार्फत होमस्टे संचालनलाई स्थानीय सँस्कृतिक भेषभुषा, मौलिकता, परम्परागत पेशा, अर्ग्यानिक तथा घरेलु उत्पादनसँग आवद्ध गर्दै ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिने छ ।

११. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नगरपालिकाको सह लगानिमा रु ७ करोडको परियोजना ठेक्का स्वीकृत भई निर्माणको चरणमा रहेको मधुगंगा महादेव स्थललाई धार्मिक, साँस्कृतिक र पर्यटकीय तीर्थस्थलको रुपमा विकास गरिने छ ।

१२. वडा नं १० सिर्जनानगरमा रहेको शहीद स्मृति पार्कको निर्माण सम्पन्न गर्न संघ तथा बागमती प्रदेश सरकारको पर्यटन मन्त्रालयमा विशेष पहल गरिने छ ।

१३. दुधौली नगरपालिका वडा नं ८ को गिद्धवर राजारानी र वडा नं १३ को ठाकुर गुफा निर्माण कार्य आर्थिक वर्ष २०७९/०८० देखि प्रारम्भ गरिने छ । साथै वडा नं. ४ को गेरुछाँगा, ढुङ्ग्रेगढी, वडा नं. ५ को कुनाई महादेवस्थल, सर्पेढुङ्गा, वडा नं. ७ को जालपादेवी, वडा नं. ११ को मौर्यपानी र वडा नं. १४ को शिकारीढुंगालाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी पूर्वाधार निर्माणको लागि सरोकारवाला निकायहरुमा पेश गरिने छ ।

१४. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्ने सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चितता गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गरिने छ । साथै लक्षित वर्गलाई विभिन्न सीपमूलक तालिम स्थानीय स्तरमानै दिने व्यवस्था मिलाइने छ ।

१५. आर्थिक रुपले अति विपन्न श्रमिक तथा विदेशबाट फर्किएका र रोजगारीको खोजिमा रहेका नगरवासीहरुलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरुमा बजेटको व्यवस्था गरिने छ ।

१६. बेरोजगार युवाहरुलाई नगरक्षेत्र भित्रै व्यवसाय गर्नको लागि बैङ्क तथा वित्तीय संस्थाहरुसँग सम्झौता गरी व्यवसायिक परियोजना धितो राखी सहुलियतपूर्ण कर्जा उपलव्ध गराउने नीति लिईने छ ।

१७. ग्रामीण उद्यम तथा विप्रेशण आयोजना "सम्बृद्धि" को सहकार्यमा कृषि तथा गैर कृषि क्षेत्रका सम्भाव्य लघु, घरेलु तथा साना उद्योग विकास गरी ग्रामीण क्षेत्रका गरिव परिवार, आप्रवासी व्यक्तिका परिवार र आप्रवासनबाट फर्किएका व्यक्तिहरुको दिगो आयश्रोत र जीविकोपार्जनका लागि विभिन्न सीपमूलक कार्यक्रहरु संचालन गरिने छ ।

१८. संघीय सरकारको सहकार्यमा यस पालिकाका १०६ घर सुकुम्बासी परिवारलाई लालपूर्जा वितरण गरी सकिएको छ र अन्यको लगत संकलन गरी बाँकी सबै सुकुम्बासीलाई आर्थिक वर्ष २०७९/८० भित्र जग्गाधनी प्रमाणपूर्जा वितरण गरिने छ साथै अव्यवस्थित जग्गा र वसोवासीहरुलाई पनि तीन वर्ष भित्र व्यवस्थित गरी भूमि सम्बन्धी समस्या समाधान गरिने छ ।

१९. यस नगरपालिकाका विभिन्न वडाहरुमा रहेका सहकारी र सामुदायिक संस्थाहरुलाई विषयगत रुपमा विधि संगत तरिकाले एकीकृत गरिदै लगिने छ । साथै नगरपालिका भित्र संचालित लघुवित्त संस्थाहरुको कृयाकलापहरुलाई कानुन बमोजिम नियमन गरिने छ ।

२०. संघीय भूमि ऐन तथा नियमावलीलाई कार्यान्वयन गर्न सहज हुने गरी स्थानीय भू-उपयोग नीति तयार गरिने छ र कमला र तावा करीडोर निर्माण पश्चात प्राप्त हुने नदी उकास जमिनलाई व्यवस्थित गरिदै लगिने छ ।

२१. सिमान्तकृत र दलित समुदायको लागि उज्यालोको व्यवस्था गर्न आवस्यक पर्ने विधुतिय मिटरलाई निशुल्क उपलव्ध गराउने व्यवस्था गरिने छ ।

सभाध्यक्ष महोदय,

## अब म सामाजिक विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२२. यस नगरपालिकाको वडा नं ५ मा रहेको प्राथमिक स्वाथ्य केन्द्र सिर्थौलीको सुविधा सम्पन्न निर्माणाधीन १५ शैय्या क्षमताको अस्पताल भवन निर्माण कार्य सम्पन्न गरी सो स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नती गर्न पहल गरिने छ भने  वडा ७ को पोखरे र वडा नं ८ को खोरभंज्याङमा निर्माणाधीन आधारभूत स्वास्थ्य केन्द्र भवनको निर्माण कार्य सम्पन्न गरी स्वास्थ्य सेवा संचालन गरिने छ । साथै वडा नं ९ मा रहेको स्वास्थ्य चौकी दुधौलीलाई अस्पतालको रुपमा स्तरोन्नती गर्न पहल गरिने छ ।

२३. स्वास्थ्यचौकी नभएका वडा नं २ र ४ मा नयाँ आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने र वडा नं ३, ११ र १२ मा स्वास्थ्य चौकी भवनको स्तरोन्नती गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

२४. नगरवासीको स्वास्थ्यलाई विशेष ध्यान पुऱ्याउने उद्देश्यले नगरपालिका भित्रको स्वास्थ्य सेवालाई नियमित र प्रभावकारी बनाउन पर्याप्त मात्रामा औषधीको आपूर्ति, गाउँघर क्लिनिक र स्वास्थ्य शिविर सञ्चालन तथा दुधौली र सिर्थौली सर्पदंश उपचार केन्द्र ब्यवस्थापन र सञ्चालनलाई निरन्तरता दिइने छ ।

२५. जोखिम मोलेर घरैमा सुत्केरी हुने प्रवृत्तिलाई निरुत्साहित गरी अस्पतालमा प्रसुति सेवा लिने प्रवृत्तिको विकास गराउनको लागि घरबाट नगरपालिका भित्रका वर्थिङसेन्टर सम्म आउन र वर्थिङ सेन्टरबाट रेफर भएका गर्भवती महिलालाई प्रशुती सेवा उपलव्ध गराउन नगरपालिका वाहिर नजिकमा रहेको अस्पताल सम्म लैजान एम्बुलेन्स भाडा बापत लाग्ने रकम नगरपालिकाबाट सोधभर्ना स्वरुप उपलव्ध गराईने छ ।

२६. वडा नं १२ को बुङ्बुङे र वडा नं ११ को धनसरीमा शहरी स्वास्थ्य केन्द्र निर्माण गर्न डिपिआर तयार गरी बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

२७. नगरपालिकाका वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई मातृ शिशु सम्बन्धी क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप दिइदै आएको प्रोत्साहन भत्ता आर्थिक वर्ष २०७९/०८० मा पनि निरन्तरता दिइने छ ।

२८. कुपोषित गर्भवती महिला तथा वालवालिकाहरुलाई कुपोषणबाट जोगाउन बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पौष्टिक आहार व्यवस्थापनको लागि बजेटको व्यवस्था गरिने छ ।

२९. सहीद परिवार र बेपत्ता भएका व्यक्तिका घर परिवारलाई राहत दिन सो परिवारले स्वास्थ्य बिमा गर्दा लाग्ने रकम नगरपालिकाबाट व्यहोर्ने व्यवस्था मिलाइने छ ।

३०. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न बागमती प्रदेश सरकारले लागु गरेको “एक विद्यालय एक नर्स” कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३१. यस नगरपालिकामा संचालित सबै विद्यालयहरुमा सूचना प्रविधिको स्तरोन्नती र व्यवस्थापन गरी विद्यालय शिक्षण सिकाइलाई प्रविधि मैत्री बनाईने छ ।

३२. नगरपालिकाको शिक्षा नीति कार्यान्वयका लागि नगर शिक्षा योजना निर्माण गर्ने र आधारभूत तहका लागि स्थानीय परिवेशका विषयवस्तु समावेश भएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिने छ ।

३३. विद्यालय सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्दै विद्यालयको काम कारवाही र शैक्षिक गुणस्तर अभिवृद्धिको लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।

३४. विद्यालय शिक्षकलाई तालिमको व्यवस्था गरी शिक्षण सीकाई कृयाकलाप बालमैत्री तथा अपाङ्गमैत्री बनाइने छ साथै शैक्षिक गुणस्तर उकास्न विद्यालयको नियमित अनुगमन र सरोकारवालाहरुसित अन्तरक्रिया र छलफल गरिने छ ।

३५. नगरपालिका भित्रका सार्वजनिक विद्यालयमा कार्यरत वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई संघीय सरकारले तोके बमोजिम मासिक न्युनतम पारिश्रमिक उपलव्ध गराउन पुग्ने गरी बजेटको व्यवस्था गरिने छ ।

३६. नगरपालिका क्षेत्र भित्र उच्च शिक्षा संचालन गरिरहेका क्याम्पसहरुलाई नगरको कार्यविधि वनाई विद्यार्थी संख्याको आधारमा प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिने छ ।

३७. नगरपालिका भित्रका विद्यालयहरुमा प्र. अ. तथा शिक्षक व्यवस्थापन गर्ने दरवन्दी मिलान गर्ने र आवस्यकता अनुसार विद्यालय मर्जर गर्दै लगिने छ ।

३८. जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायत न्यायपूर्ण आन्दोलनका सहीद परिवार, वेपत्ता परिवार, घाइते अपाङ्ग तथा द्वन्द पीडित परिवारहरुलाई शिक्षा र ब्यवसायमा विशेष जोड दिइने छ ।

३९. वाल विवाहलाई निरुत्साहित गर्न र महिला शिक्षालाई प्रोत्साहन गर्न अविवाहित रुपमा स्नातक तह पुरा गरेका पालिका भित्रका दलित, बिपन्न तथा अति सिमान्तकृत समुदायका किशोरीलाई प्रोत्साहन स्वरुप रु ५०००। प्रदान गरिने छ ।

४०. "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने नाराका साथ नगरपालिका क्षेत्र भित्र खेलकुद विकासको लागि बागमती प्रदेश सरकारबाट वडा नं ९ मा निर्माणाधीन खेलकुद रंगशाला समयमै सम्पन्न गर्न सहजीकरण गरिने छ ।

४१. खेलकुद कार्यक्रमलाई थप प्रोत्साहन गर्नका लागि वडा नं ४ डकाहा र वडा नं १२ को जिनाखु सिउरेनीमा पनि खेलकुद रंगशाला निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिने छ साथै वडा स्तरमा रहेका खेल मैदान मर्मत कार्यलाई पनि निरन्तरता दिइने छ ।

४२. नगरपालिकाको प्रतिनिधित्व गरी नगरपालिका वाहिर खेल खेल्न जाने खेलाडीहरुलाई प्रोत्साहन रकम उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

४३. वडा नं ४ डकाहामा खेलप्रेमी युवाहरुलाई खेल खेल्ने व्यवस्थापनको लागि कभर्डहल निर्माणको लागि पहल गरिने छ ।

४४. दुधौली नगरपालिकामा वसोवास गर्ने दनुवार जातिको भाषा, संस्कृति र कलाको संरक्षणको लागि वडा नं ६ को हर्षाही र वडा नं ५ को सिर्थौलीमा निर्माण भएको दनुवार संग्राहालय व्यवस्थित रुपमा संचालन गर्न विशेष पहल गरिने छ । साथै दनुवार समुदायको आस्थाको रुपमा रहेको डिहिवार थानहरु संरक्षण एवं सम्बर्द्धन गर्दै लगिने छ ।

४५. वाल संरक्षण कोषको परिचालन गरी विपदमा रहेका वालवालिकाहरुको उद्धार कार्यलाई निरन्तरता दिइने छ ।

४६. "विपदमा वाल अधिकारको शुनिश्चितता, हामी सवैको प्रतिवद्धता" भन्ने नारालाई आत्मासाथ गर्दै आगामी आर्थिक वर्षमा वालश्रम निवारण गरी वालमैत्री नगरपालिका घोषणाको कार्यक्रम अगाडी वढाईने छ ।

४७. नगरपालिकामा स्थापना भएको स्थानीय लैङ्गिक हिंसा निवारण कोषलाई आर्थिक वर्ष २०७९/०८० मा समेत थप सुदृढ गर्दै निरन्तरता दिइने छ ।

४८. आर्थिक वर्ष २०७९/०८० मा वालविवाह र वालश्रम न्युनीकरणका लागि नगरपालिकाका विभिन्न वडाहरुमा गठित वालक्लव र किशोरी क्लवहरुमा आवद्ध सदस्यहरुको क्षमता विकास गर्ने कार्यक्रम संचालन गरिने छ ।

४९. महिलालाई विकासको मूल प्रवाहीकरणमा समाबेश गर्न उप प्रमुख संरक्षक रहने गरी नगरस्तरीय महिला विकास समिति गठन गरी महिला सशक्तीकरणको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

५०. दलित समुदायले गर्दै आएका परम्परागत पेशा व्यवसायको संरक्षण तथा जगेर्नाको लागि लागत साझेदारीको आधारमा आर्थिक सहुलियतका कार्यक्रमहरु संचालन गरिने छ साथै अति विपन्न मुसहर समुदायको जिविकोपार्जनको लागि आयमूलक/सीपमूलक कार्यक्रमहरु संचालन गरिने छ ।

५१. जेष्ठ नागरिक मिलन केन्द्रलाई व्यवस्थित गरी जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न र जेष्ठ नागरिक भेटघाट तथा अन्तरक्रिया गर्ने वातावरण मिलाइने छ ।

५२. नगरपालिका क्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सीपमूलक तालिमहरु संचालन गरी आय आर्जन वृद्धि तथा जीविकोपार्जनको लागि आवश्यक जीपनोपयोगी सीप, प्रविधिमा सक्षमता प्रदान गर्दै व्यवसाय गर्न बीउ पुँजिको समेत व्यवस्था गरिने छ ।

५३. नगर क्षेत्रलाई खुला दिसा मुक्त क्षेत्र कायम राख्न जनचेतनाका कार्यक्रमहरु संचालन गरिने छ ।

५४. यस नगरपालिका भित्रका नागरिकहरुलाई नेपाल भित्रका कुनै पनि अस्पतालमा उपचार गर्दा आवस्यक पर्ने रगत निशुल्क रुपमा उपलव्ध गराउन नेपाल रेडक्रस सोसाइटी सिन्धुलीसँग सम्झौता गर्ने र सो वापत लाग्ने रकम सोध भर्ना स्वरुप नगरपालिकाले रेडक्रसलाई उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

सभाध्यक्ष महोदय,

## अब म पूर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

५५. मदन भण्डारी राजमार्गको खोरभंज्याङ्ग चोक देखि दुधौली बजार जोड्ने सडक कालोपत्रे गर्ने कार्यलाई समयमै निर्माण सम्पन्न गर्न आबस्यक सहजीकरण गरिने छ ।

५६. नगरकार्यपालिका भवनबाट पुष्पा स्मृति भवन जाने बाटोको पक्कीपुल सम्मको सडकलाई कालोपत्रे सडकमा स्तरोन्नती गरिने छ ।

५७. प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी मदन भण्डारी राजमार्ग वडा नं ५ वडा कार्यालय चोकबाट सिर्थौली अस्पताल र मावि सिर्थौली जाने सडकलाई स्तरोन्नती गरी कालोपत्रे सडक निर्माण कार्यको प्रारम्भ गरिने छ ।

५८. वडा नं १२, १३ र १४ का वडा कार्यालयहरुलाई मदन भण्डारी राजमार्ग हुदै नगरकेन्द्र सम्म बाह्रै महिना यातायातका साधन संचालन हुने गरी सडक सञ्जालमा जोड्ने गरी सडक निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

५९. वडा नं ७ को रानाखाडी देखि कत्लेटार सम्मको सडक, मदन भण्डारी राजमार्ग देखि १ नं धारा सम्मको सडक, तिनकुने च्यानडाँडा सडक, सिमराही डम्बरखाडी सडक, वरपिपल देखि कछुवाखाडी सम्मको सडक, वडा नं १० को कर्था देखि कोलवोटे टोल सम्मको सडक, वडा नं ८ को फेदीबाट किरातेश्वर मन्दिर जाने सडक, वडा नं १० को खत्रीचोक-थोत्री- धौलेभंज्याङ- मन्वा सडक, कत्लेखोला स्कुलबाट १४ नं वडा जाने सडक, कुर्थौली देखि खमारे जाने सडक, दुधौली नगरपालिका वडा नं १० को मंगलपुर गाउँ देखि माथिल्लो दमार सम्मको सडक, कटरे देखि जाल्पादेवी कत्लेटार सम्म भित्ते सडक, दुधौली बजार देखि खिरियानी पतियानी हुदै कर्था मदन भण्डारी राजमार्ग जोड्ने सडक, वडा नं १३ को ठाकुरदमार केचेरेकटार वुढीटार सिन्कौले चियावारी सडक, वडा नं ८ को फेदी पित्लेभंज्याङ सडक तथा वडा नं ४ को खनिया बाढीगाउँ हुदै तीनपाटन गाउँपालिकाको रिट्ठे लामपनटार सडक, वडा नं ११ को पत्रिङ्गा- शनिवारे- सिरिपुर-धनसरी भित्ते सडक र वडा नं ११ को टाँडी वन्दिरपुर सडक, वडा नं १३ को अरुणडाँडा जुरे पोखरीढिक हुँदै चित्रेनाङ्गि सडक, लभा – दमन- जगाडी -भताही कृषि सडक निर्माणको लागि वजेट व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

६०. चकमके  जिनाखु देखि अरुणठाकुर हुदै ककुरठाकुर देखि कटारी जोड्ने सडक निर्माण सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिनेछ भने वडा नं १४ देखि फिक्कल चित्रेनाङ्गी सडक निर्माण गर्न परियोजना प्रस्ताव तयार गरिने छ ।

६१. गोदार चिसापानी कालापानी डकाहा चकमके र वन्दिपुर उत्तरायणी जगाडी खनिया चोक हुदै जिनाखु सम्मको सडक स्तरोन्नती गर्न संघीय सरकारसँग समन्वय गरिने छ ।

६२. निर्माणाधीन झुङ्गा धनसरी सडकको जगाडी धनसरी खण्ड, मदन भण्डारी राजमार्गको गिचिहानी देखि मधुगंगा , गागन देखि मधुगंगा सडक, वडा नं ५ को आरएन चोकदेखि वडा नं १३ को कुप्रिडाँडा हुदै जिनाखु सम्म सडक,  निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरिने छ ।

६३. वडा नं २, १, ४ र ५ मा भित्ते मोटरबाटो निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन अनुरुप रिङरोडको रुपमा विकास गर्न निर्माण प्रकृया अगाडी वढाउन पहल गरिने छ ।

६४. वडा नं १३ को ठाकुरदमार देखि याना हुदै फिक्कल गाउँपालिकाको महादेवडाँडा सम्म सडक निर्माण गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिने छ ।

६५. रामजानकी स्कुल नजिकै लखिमा खोलामा पक्की पुल निर्माण कार्य आर्थिक वर्ष २०७९/८० भित्रमानै निर्माण सम्पन्न हुने गरी प्रारम्भ गरिने छ ।

६६. वडा नं ७ को तीनकुने देखि कत्लेखोलामा पुल निर्माणको लागि बजेट व्यवस्था गर्न  सम्बन्धित निकाय समक्ष पहल गरिने छ ।

६७. वडा नं १ को दमारमा विचित्राखोला पक्किपुल, वडा नं ८ को फेदी मिर्मिरेटोल पक्कीपुल वडा नं ४ को नयाँ बजार देखि वनगरा जोड्ने पक्कीपुल, वडा नं १० को रातमाटे वाट थोत्री जोड्ने पक्की पुल तथा वडानं १४ को भोर्ले कटारी जोड्ने पक्की पुल, वडा नं १४ को सिकारी ढुङ्गा ककुरखोला पक्की पुल, वडा नं १४ ज्यामीटार धनसार ककुरखोला पक्कीपुल र वडानं १२ को जिनाखुखोला भालुटारमा पक्की पुल, वडा नं १३ को कर्था खोला बाँदरेघाट पक्कीपुल र वडा नं १३ कै ठाकुरदमार केचरेकटार जोड्ने ठाकुरखोलामा पक्की पुल, वडा नं १३ को ताम्केटार र वडान १२ को जोगीटार जोड्ने ठाकुरखोलामा पक्की पुल निर्माण गर्न सम्बन्धित निकाय समक्ष पहल गरिने छ ।

६८. संघीय सरकारसँग समन्वय गरी वडा नं १२ खड्काधिक र आहाले, वडा नं १४ कान्लामुनी, वडा नं ५ को बाडीगाउ सिक्रेढाड , वडा नं १३ को सान्धाने दोभान र वडा नं १० को कोलवोटेटोल खत्रिचोक झोलुङ्गेपुल निर्माण कार्यको लागि प्रकृया अगाडी वढाइनेछ । साथै वडा नं ४ को पचरुखी देखि भताही जोड्ने कमला नदीमा झोलुङ्गेपुल, खुट्टेपानी भलुवाही जोड्ने कमला नदीमा झो.पु. निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव तयार गरिने छ ।

६९. फुसको छाना भएका गरीव, विपन्न, सुकुम्बासी परिवारको लागि सुरक्षित आवास निर्माण गर्न चालु आर्थिक वर्षबाट सुरु भएको कार्यलाई आर्थिक वर्ष २०७९/०८० मा समेत निरन्तरता दिईने छ ।

७०. तामाङ समुदायको धार्मीक आस्थालाई जगेर्ना गर्न नगर क्षेत्रमा गुम्बा निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारमा पहल गरिने छ । साथै स्वर्गिक मार्ग भवन र चर्च भवन निर्माणको लागि सम्बन्धित निकाय समक्ष आवस्यक पहल गरिने छ ।

७१. सुनुवार जातिको धार्मीक आस्थाको जगेर्ना गर्न चण्डिथान निर्माण गर्न प्रदेश तथा संघीय सरकारमा बजेट व्यवस्थाको लागि पहल गरिने छ । साथै मगर समुदायको संस्कृति संरक्षणको लागि मगर संस्कृतिक केन्द्र निर्माण गर्न आवस्यक पहल गरिने छ ।

७२. नगरपालिकाले आफ्नै अनुदानमा गत आ.व. देखिनै निर्माण कार्य गरिरहेको दोश्रो प्रशासकीय भवनको दोश्रो तल्ला सम्मको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी आ.व. २०७९/०८० देखी उक्त भवन व्यापारिक र आवास प्रयोजनमा प्रयोग गर्नका लागि आवस्यक बजेट बिनियोजन गरिने छ ।

७३. नगरपालिकाले विभिन्न पूर्वाधारहरु निर्माण गर्दा अपाङ्ग तथा बालमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइने छ ।

७४. वडा नं २ को रतनपुर र वडा नं ३ को झुङ्गा देखि वडा नं ९ को जितपुर भुन्टेचौरी तथा वडा नं ११ को धनसरी सम्म कमला नदिको दुवै तर्फ करिडोर निर्माणको लागि बजेट व्यवस्था गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिने छ ।

७५. वडा नं ७ र ८ मा रहेको तावा खोलाको सिमा समस्या समाधान गर्न आवस्यक समन्वय र सहजिकरण गरिने छ । तत्पश्चात तावा करिडोर निर्माण प्रकृया अघि वढाइने छ ।

७६. वडा नं ८ को वसपार्कबाट रंगशाला सम्म कुम्राखोला नदी नियन्त्रणको लागि प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रम अगाडी वढाईने छ ।

७७. वडा नं १४ मा रहेको ककुरखोला नियन्त्रण गर्न नदि नियन्त्रण तथा करिडोर निर्माण गर्न पहल गरिने छ ।

७८. मदनभण्डारी राजमार्गको खनियाँ चोकदेखि वाढी गाउँ तथा कुनाही सम्म ठाकुरखोलाको दुवै तर्फ करिडोर निर्माण तथा ठाकुरखोलामा जवाहर साहुको घर नजिकै पक्किपुल निर्माण गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरिने छ ।

७९. गागनखोला, खारखोला, बंकाखोला, बिचित्रा खोला, तमोर्नीखोला, तलखा खोला, कर्थाखोला, लखिमा खोला तथा वडा नं १२ को जोगी खहरे नियन्त्रण, वडा नं ७ को दुधौली खोला, वडा नं ८ को कुम्राखोला नियन्त्रण गर्न सम्बन्धित निकाय समक्ष पहल गरिने छ ।

८०. दुधौली नगरपालिका वडा नं १ देखि १४ सम्म रहेका सिंचाईकुलोहरुको आवस्यकता अनुसार मर्मत सम्भार, पुन निर्माण तथा नयाँ निर्माण कार्य अगाडी वडाईने छ ।

८१. वडा नं ७ को कुम्राहा कत्ले सिंचाई योजना निर्माणको लागि संघीय तथा प्रदेश मन्त्रालयमा अनुरोध गरिने छ ।

८२. पानी श्रोत संरक्षणको लागि नगरपालिका क्षेत्र भित्र उपयुक्त स्थानमा पानी रिचार्ज पोखरी निर्माण गरिने छ ।

८३. खानेपानी योजना निर्माण तथा विस्तार गर्दा एक घर एक धाराको नीति अवलम्बन गरिने छ ।

८४. स्वच्छ खानेपानी उपलव्ध गराउन खानेपानी गुणस्तर जाँच गर्ने प्रयोगशाला स्थापनार्थ आवस्यक पहल गरिने छ ।

८५. वडा नं १३ को कुप्रिडाँडा खानेपानी, वडा नं ९ को दुधौली बृहत खानेपानी, वडा नं ११ को माथिल्लो पत्रिङ्गा खानेपानीको निर्माण कार्य आर्थिक वर्ष २०७९/०८० मा निर्माण सम्पन्न गरिनेछ साथै नगरपालिका भित्रका खानेपानी आवस्यकता

भएका वाँकी स्थानको पहिचान गरी नेपाल स्वास्थ्यको लागि पानी (नेवा) तथा अन्य खानेपानी सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरी खानेपानी समस्या समाधान गर्दै लगिने छ ।

८६. वडा नं १२, १३ र १४ तथा वडा नं १ र २ को पहाडी भागमा आगामी तीन वर्ष भित्र विधुत विस्तार गर्ने कार्य सम्पन्न गरिने छ ।

८७. बढ्दो अपराधिक कृयाकलापको नियन्त्रण गर्नका लागि अत्यावस्यक ठाउँहरुमा सौर्य वत्ति र सिसि क्यामरा जडान गरिने छ ।

८८. दुधौली नगर क्षेत्र भित्र पर्ने मदन भण्डारी राजमार्गमा गुड्ने यात्रुवाहक सवारी साधन रोकेर बस्न मिल्ने गरी सडकको विभिन्न स्थानमा वस विसौनी निर्माण गर्न सम्बन्धित निकायमा आवस्यक पहल गरिने छ ।

८९. नगरवासीको सुरक्षालाई मध्यनजर गर्दै मदन भण्डारी राजमार्गको मुख्य चोकहरुमा प्रहरी प्रशासन सँग समन्वय गरी सडकवत्ति र सिसिटिभि जडान गर्ने प्रकृया अगाडि बढाइने छ ।

९०. वडा नं ९ को छतिवन गाछी जितपुर घाट, वडा नं १० को नर्सरी, वडा नं ४ र ५ को जगाडी पुलमुनी, वडा नं ३ को कालापानी पुल मुनि, वडा नं १ को विचित्रा दोभान र वडा नं ११ को निमने दोभान, वडा नं १२ जिनाखु सिप्रिङ दोभान, वडा नं १३ को ठाकुरखोला वडा नं ७ को डम्बरखाडी डाँडामा स्वर्गद्वारी (घाट) निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

सभाध्यक्ष महोदय,

अव म वन, वातावरण, फोहोर मैला तथा विपद व्यवस्थापन तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

९१. "चुरेको माटो चुरेलाई सफा पानी सबैलाई" भन्ने नारालाई आत्मसाथ गर्दै राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई सफल कार्यान्वयन गरिनेछ साथै यो कार्यक्रमलाई अभियानको रुपमा विस्तार गर्दै लगिने छ ।

९२. "वन जोगाऔं गरीवि भगाऔं" भन्ने नाराका साथ नगरपालिकाका वस्ति नजिकै रहेका वन क्षेत्रमा प्रचलित कानुन बमोजिम आवस्यक नीति निर्माण गरी वन अतिक्रमण नहुने गरी आय आर्जन कार्यक्रम संचालन गरिने छ ।

९३. नगरक्षेत्र भित्र प्लास्टिक खपत न्युनिकरण गर्दै मदन भण्डारी राजमार्गको दाँया वाँया र खाली क्षेत्रमा वृक्षारोपण गर्ने र वातावरणमैत्री टोल घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

९४. वन क्षेत्रभित्र र खोला किनारामा खाली रहेका जग्गाहरुमा वृक्षारोपण गरी हरियाली नगर वनाउने अभियान संचालन गरिने छ साथै वडा नं १३ को ओख्लेडाँडामा नगरपालिका भरिकै आकर्षक पिकनिक स्पोर्ट निर्माण गरिने छ ।

९५. यस नगरपालिकाको वडा नं ३ र ६ को सीमानामा निर्माण भएको अत्याधुनिक फोहोर संकलन केन्द्र (Landfill Site) र वडा नं ८ को चितुवाखाडीमा रहेको ल्याण्डफिल्डमा फोहोर संकलन गरी नीजि क्षेत्रको साझेदारीमा समेत घरघरको फोहोर संकलन गरी प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन कार्य संचालनमा ल्याइने छ ।

९६. विभिन्न संघ संस्थाहरुसँग आवस्यक समन्वय र सहकार्य गर्दै विपद जोखिमहरुको रोकथाम तथा न्युनिकरणको लागि प्रतिकार्य र पुनर्लाभ कार्यक्रम संचालन गर्न आवस्यक बजेटको व्यवस्था गरिने छ ।

९७. नगरपालिका वडा नं ३, ६ र ११ मा रहेका खहरे खोलाहरुले मानब बस्तिमा पर्ने प्रतिकुल प्रभावलाई ध्यानमा राखि खहरे नियन्त्रणका लागि विशेष पहल गरिने छ ।

९८. वडा नं १४ मा रहेको न्याउले पहिरो तथा नगरपालिका भित्रका अन्य पहिरोहरु नियन्त्रण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

९९. नगरक्षेत्रमा हुन सक्ने विपद जोखिमहरुको रोकथाम तथा न्युनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पूनर्लाभ कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आबश्यक बजेटको व्यवस्था गरिनेछ र विपदको क्षेत्रमा काम गर्ने नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट लगाएत अन्य संघसंस्थाहरु सँग आवश्यक समन्वय गरी विपद जोखिम न्युनिकरण कार्यक्रम संचालन गरिने छ ।

१००. कमला तथा तावा नदिमा वर्षायाममा वाढीबाट हुने अकल्पनिय क्षति हुन नदिन मौसम विभागसँग समन्वय गरी थप स्थानमा वाढी पूर्व सूचना यन्त्र जडान गर्न पहल गरिने छ ।

१०१. पूर्वाधार विकासका क्रियाकपालहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यन्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा लागत इष्टिमेट गर्ने व्यवस्था मिलाईने छ ।

१०२. नगरपालिकाको वारुणयन्त्र संचालनको लागि आवस्यक पर्ने श्रोत, साधन र जनशक्तिको समुचित व्यबस्था गरिनेछ ।

१०३. वडा नं ३, ६ र ११ को जंगली हात्ती प्रभावित क्षेत्रका बासिन्दाहरुको सुरक्षाको लागि उज्यालो सडक वत्तिको व्यवस्था गरिने छ । साथै जंगली हातीबाट हुने क्षति नियन्त्रणको लागि सम्बन्धित निकायसँग समन्वय गरी आवस्यक कार्यहरु गरिने छ ।

सभाध्यक्ष महोदय,

अब म सुशासन तथा संस्थागत विकास र सेवा प्रवाह तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१०४. नगरवासीका समस्यालाई नगरप्रमुखबाट सम्बोधन गर्नको लागि “जनता सँग मेयर कार्यक्रम” संचालन गरिने छ ।

१०५. नगरकार्यपालिका कार्यालयका विभिन्न शाखाबाट संचालन हुने कार्यहरुलाई कार्यपालिकाको विषयगत समितिसँग समन्वय गरी प्रभावकारी रुपमा कार्य संचालन गरिने छ ।

१०६. नगरकार्यपालिका तथा वडा कार्यालय र विषयगत शाखाको सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाईने छ ।

१०७. न्याय सम्पादनलाई प्रभावकारी रुपमा छिटो छरितो र सहज सेवा प्रवाह गर्न न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन शाखा, न्यायिक समिति र सामुदायिक मेलमिलाप केन्द्रको व्यवस्थापन र संचालन गर्नको लागि आवस्यक बजेटको व्यवस्था गरिने छ ।

१०८. समुन्नत नगर निर्माणको लागि आन्तरिक कर प्रणालीलाई मजवुत वनाई कर छली गर्नेलाई दण्ड र नगरपालिकामा सर्वाधिक कर वुझाउनेलाई सम्मान स्वरुप उचित पुरस्कारको व्यवस्था गरिने छ ।

१०९. कर्मचारी प्रशासनलाई चुस्त वनाउन नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वे गरी दरवन्दीको पुनरावलोकन एवं कर्मचारी व्यवस्थापनलाई प्रभावकारी वनाइने छ ।

११०. कार्यालयको काम प्रति उत्प्रेरित गर्ने उद्देश्यले उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई कामको कदर गर्दै पुरस्कृत गरिनेछ ।

१११. कार्यालयमा सेवा लिन आउने सेवा ग्राहीहरुको अन्योलता हटाई कार्यालयबाट प्रवाह हुने सेवाहरुको वारेमा जानकारी उपलव्ध गराउन नगरकार्यपालिकाको मुख्य गेटमा नागरिक वडापत्र र हेल्प डेस्कको व्यवस्था गरी मुस्कान सहितको सेवा सहज रुपमा प्रवाह गरिने व्यवस्था मिलाइने छ ।

११२. सदरमुकामबाट भौगोलिक रुपमा टाढा रहेको यस नगरपालिकाका नागरिकहरुलाई नागरिकता, नापी, मालपोत लगायतका सेवा प्राप्त गर्न धेरै समय लाग्ने तथा बढी खर्च समेत लाग्ने भएकोले यसबाट नगरबासीलाई आर्थिक क्षति समेतको विचार गरी यसको समाधानको लागि नगरपालिका क्षेत्रमा एकिकृत सेवाकेन्द्र स्थापना गर्न सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

११३. नागरिकको सुचनाको हकलाई सुनिश्चित गर्न स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो, अनलाइन पोर्टल लगायतका अन्य विभिन्न संचार माध्यमहरुलाई समाचार सम्प्रेशणको लागि अभिप्रेरित गरिने छ ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९/०८० मा स्थानीय सञ्चित कोषमा हुने अनुमानित आम्दानी प्रस्तुत गर्न चाहन्छु ।

| क्र.सं | आय शीर्षकहरू | आर्थिक वर्ष २०७९/०८० |
|---|---|---|
| १ | नेपाल सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदान | ४०,९९,००,०००।०० |
| २ | नेपाल सरकारबाट प्राप्त हुने शसर्त पूजिगत अनुदान | २,७५,००,०००।०० |
| ३ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदान | ९०,२८,०००।०० |
| ४ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने शसर्त पूजिगत अनुदान | २,२५,००,०००।०० |
| ५ | नेपाल सरकारबाट प्राप्त हुने पूजिगत समपुरक अनुदान | १,००,००,०००।०० |
| ६ | नेपाल सरकारबाट प्राप्त हुने पूजिगत विशेष अनुदान | ५०,००,००० ।०० |
| ७ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान बापतको रकम | २,५६,८६,०००।०० |
| ८ | नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम | १८,१०,००,०००।०० |
| ९ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान रकम | १,७४,५५,०००।०० |
| १० | नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने मुल्य अभिवृद्धिकर | १६,८४,३७,०००।०० |
| ११ | बागमती प्रदेश सरकारबाट सवारीसाधन कर बाँडफाँट बापत प्राप्त हुने रकम | ५,२९,४२,०००।०० |
| १२ | बागमती प्रदेश सरकार संग बाँडफाँट हुने दहत्तर बहत्तर शुल्क | २,९८,५५,४२३।०० |
| १३ | घरजग्गा रजिष्ट्रेशन | ५,५०,००,०००।०० |
| १४ | अल्या सहित आन्तरिक आयको विभिन्न शीर्षकमा संकलन हुने रकम | १०,८९,८६,०००।०० |
| | आर्थिक वर्ष २०७९/०८० मा हुने जम्मा अनुमानित आम्दानी रकम रु | १,१२,३२,८९,४२३।०० |

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९/०८० मा स्थानीय सञ्चित कोषबाट हुने अनुमानित खर्च प्रस्तुत गर्न चाहन्छु ।

| क्र.सं | संचितकोषबाट हुने खर्चहरु | व्यय रकम |
|---|---|---|
| १ | संघीय ससर्त चालु अनुदानबाट विनियोजित कार्यक्रमहरु | ४०,९९,००,०००।०० |
| २ | संघीय ससर्त पूजिगत अनुदानबाट विनियोजित कार्यक्रमहरु | २,७५,००,०००।०० |
| ३ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदानबाट विनियोजित कार्यक्रमहरु | ९०,२८,०००।०० |
| ४ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने शसर्त पूजिगत अनुदानबाट विनियोजित कार्यक्रमहरु | २,२५,००,०००।०० |
| ५ | नेपाल सरकारबाट प्राप्त हुने पूजिगत समपुरक अनुदानबाट विनियोजित योजनाहरु | २,००,००,०००।०० |
| ६ | नेपाल सरकारबाट प्राप्त हुने पूजिगत विशेष अनुदानबाट विनियोजित योजनाहरु | ५०,००,०००।०० |
| ७ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान बापतको रकमबाट विनियोजित योजना तथा कार्यक्रमहरु | ५,१३,७२,०००।०० |
| ८ | पदाधिकारी सुविधा | १,९२,९०,०००।०० |
| ९ | पारिश्रमिक कर्मचारी | ५,७०,८५,५६६।७६ |
| १० | मँहगी भत्ता | १६,५६,०००।०० |
| ११ | करार सेवा शुल्क करार कर्मचारी तलव भत्ता | ९,४२,६५,९८९।५० |
| १२ | राशन नगरप्रहरी | १०,४६,५९२।०० |
| १३ | पोशाक | २८,६०,०००।०० |
| १४ | वडा सिलिङ | ७,००,००,०००।०० |
| १५ | साझेदारी कार्यक्रम | १,५०,००,०००।०० |
| १६ | फुसको छाना विस्थापित कार्यक्रम | ९०,००,०००।०० |
| १७ | सडक वत्ति | २०,००,०००।०० |
| १८ | कर्मचारी कल्याण कोष | २५,००,०००।०० |
| १९ | पदाधिकारी बैठक भत्ता | ५६,२८,५००।०० |
| २० | बैठक खर्च(पदाधिकारी तथा अन्य) | १४,,००,०००।०० |
| २१ | भ्रमण खर्च (पदाधिकारी) | १४,४०,०००।०० |
| २२ | भ्रमण खर्च (कर्मचारी) | २०,४०,,०००।०० |
| २३ | वडा कार्यालय संचालन खर्च | ८५,६८,०००।०० |

| क्र.सं | संचितकोषबाट हुने खर्चहरु | व्यय रकम |
|---|---|---|
| २४ | नगरकार्यपालिका कार्यालय संचालन खर्च | ३,३१,००,०००।०० |
| २५ | मेसिनरी औजार | १,४९,४५,०००।०० |
| २६ | सवारी साधन | ३५,००,०००।०० |
| २७ | फर्निचर | १९,९५,०००।०० |
| २८ | आर्थिक सहायता | २०,००,०००।०० |
| २९ | आर्थिक सहायता वडा कार्यालयबाट | १४,००,०००।०० |
| ३० | बिभिन्न कार्यक्रम खर्च | २५,००,०००।०० |
| ३१ | पूँजिगत अनुसन्धान तथा परामर्श | २५,००,०००।०० |
| ३२ | आकस्मिक कोष | ५,००,०००।०० |
| ३३ | नगरकार्यपालिका कार्यालयको कम्पाउण्ड फुलवारी तथा सडक/नाला निर्माण | ३०,००,०००।०० |
| ३४ | प्रकोप व्यवस्थापन कोष | ५०,००,०००।०० |
| ३५ | नगरकार्यपालिका कार्यालय भवन निर्माण | १,५०,००,०००।०० |
| ३६ | मुआब्जा वितरण | १०,००,०००।०० |
| ३७ | स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन | १,००,००,०००।०० |
| ३८ | शिक्षा तलव तथा कार्यक्रम | ३,००,१८,७७५।०० |
| ३९ | पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन | ४०,००,०००।०० |
| ४० | कृषि सम्बन्धी कार्यक्रम संचालन | ७५,००,०००।०० |
| ४१ | तारजाली ह्युमपाइ सिंचाइ पाइप खानेपानी पाइप | १,५०,००,०००।०० |
| ४२ | मर्मत सम्भार | ७०,००,०००।०० |
| ४३ | महिला, वालवालिका, अपाङ्ग,जेष्ठनागरिक, किशोर किशोरी, दलित, जनजाती, अल्पसंख्यक, पिछडावर्ग लगायतका कार्यक्रम संचालन | १,००,००,०००।०० |
| ४४ | वृद्धाश्रम संचालन खर्च | ५०,०००।०० |
| ४५ | भूमि सम्बन्धी कार्यक्रम | २५,००,०००।०० |
| ४६ | उपमेयर उद्यमी कार्यक्रम | २०,००,०००।०० |
| ४७ | दुधौली स्वास्थ्यचौकी वर्थिङ सेन्टर व्यवस्थापन | ५,००,०००।०० |
| ४८ | विधुत विस्तार | ७०,००,०००।०० |
| ४९ | न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी कार्यक्रमहरु | १५,००,०००।०० |
| ५० | खेलकुद सम्बन्धी कार्यक्रमहरु | ३५,००,०००।०० |
| ५१ | ढुङ्गा खानी प्रभावित क्षेत्रको लागि योजना | ६८,००,०००।०० |
| ५२ | वन तथा वातावरण सम्बन्धी कार्यक्रम | २०,,००,०००।०० |
| ५३ | भुक्तानी दिन बाँकी | ५,००,००,०००।०० |
| ५४ | नगरस्तरीय योजनाहरु | २,००,००,०००।०० |
| ५५ | सडक बोर्ड अनुदानमा संचालन हुने योजनाहरुमा साझेदारी | १५,००,०००।०० |

| क्र.सं | संचितकोषबाट हुने खर्चहरु | व्यय रकम |
|---|---|---|
| ५६ | मधुगंगा महादेव स्थलको पर्यटन पुर्वाधार विकास | १,००,००,०००।०० |
| ५७ | मालपोत अभिलेख व्यवस्थापन (मालपोत कार्यालय सिन्धुलीलाई) | ४,००,०००।०० |
| ५८ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | ५०,००,०००।०० |
| ५९ | कार्यपालिका शाखागत कार्यक्रम | १५,००,०००।०० |
| | आर्थिक वर्ष २०७९/०८० हुने जम्मा अनुमानित रकम रु | १,१२,३२,८९,४२३।०० |

उपरोक्त अनुमानित आय तथा व्ययमा उल्लेख भएको रकम मध्ये चालू खर्च तर्फ रु ७५ करोड ७१ लाख ७७ हजार ४ सय २३ रुपैंया र पूजिगत खर्च तर्फ रु ३६ करोड ६१ लाख १२ हजार देखिएको छ । यसरी हेर्दा पूजिगत र चालू खर्चको सन्तुलनमा केही समस्या देखिए पनि सबैको सकारात्मक सहयोग भएमा खर्चको सन्तुलन हुदै जाने अपेक्षा गरिन्छ ।

सभाध्यक्ष महोदय,

यो नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्ने सम्पूर्ण दायित्व हामी नगरपालिकाका सबै जनप्रतिनिधी, कर्मचारी र नगरवासीको काँधमा आएको छ । हामीले नगरपालिकाको समग्र विकासको लागि विकास साझेदार संघ संस्थाहरु र अन्य सरोकारवालाको सहयोग पनि लिनु पर्दछ । नगर विकासको लागि आवस्यक श्रोत सामाग्री व्यवस्थापनमा पनि यस नगरपालिकाका सम्पूर्ण नागरिकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । नगरपालिकाले गरेका राम्रा कामलाई प्रशंसा र प्रोत्साहन गर्ने र खराव काममा हरदम खवरदारी गर्न यहाँहरुले कन्जुस्याई गर्नु हुने छैन भन्ने विश्वास लिएको छु ।

अन्त्यमा नगरपालिकाको समग्र विकासमा योगदान गर्न सबै राजनीतिक दल, राष्ट्रसेवक, श्रमिक, नीजि, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत, लगायत सम्पूर्ण नगरवासी दिदीवहिनी तथा दाजुभाइहरुलाई आग्रह गर्दछु । यो नीति तथा कार्यक्रम र बजेट तयार गर्न महत्वपूर्ण योगदान गर्नु हुने नगर प्रमुखज्यू वडा अध्यक्ष लगायत कार्यपालिका सदस्यज्यूहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

चन्द्रकिशोर थारु
उप-प्रमुख

मिति २०७९/०३/१०